२०६५ साल मंसिर १८ गते रोज ४ का दिन १३.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय-

१. कार्यालय समय परिवर्तन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।२४-०६५।३।२० को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोरामा देहायबमोजिमको व्यहोरा थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने-
"आगामी जनवरी १, २००९ देखि सबै सरकारी कार्यालयमा शनिवारको सट्टा आइतवार सार्वजनिक बिदा दिने सम्बन्धमा सार्वजनिक बहस चलाउने ।"

२. रु. ५००।- दरको चाँदीको स्मारिका सिक्का निष्कासन गर्ने बिषयको अर्थ मन्त्रालयको नं. २।८७-०६५।८।११ को प्रस्ताव - भविष्यमा निष्कासन गरिने सिक्काको नमूनाको अग्रभागमा रहने शंख, चक्र, गदा, पद्म चिह्न हटाउने र त्यसको विकल्प प्रस्ताव गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. लिक्विडेशन कार्य खारेज गरी हेटौंडा कपडा उद्योग पुनः सञ्चालन गर्ने बिषयको अर्थ मन्त्रालयको नं. २।८८-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. लगानीको स्तर वृद्धि तथा संरक्षणको निमित्त फिनल्याण्ड सरकारबाट प्रस्तावित सम्झौतामा हस्ताक्षर गर्ने बिषयको अर्थ मन्त्रालयको नं. २।८९-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. सार्क विकास कोषको विधान अनुमोदन गर्ने बिषयको अर्थ मन्त्रालयको नं. २।९०-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. कृषि विकास बैङ्क लि.का महाप्रबन्धकलाई अवकाश दिने (श्री योगेश्वर पन्तलाई) बिषयको अर्थ मन्त्रालयको नं. २।९४-०६५।८।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. रकम निकासा (प्रधानन्यायाधीशको भ्रमणको) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।१८-०६५।४।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. वैतनिक कानून व्यवसायीहरुको पारिश्रमिक वृद्धि गर्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।४४-०६५।८।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. फौजदारी कानून र देवानी कानून सुधार तथा परिमार्जन सम्बन्धी छुट्टाछुट्टै कार्यदल गठन गरी कार्यक्षेत्रगत शर्त तोक्ने बिषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।४५-०६५।८।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. भ्रमण खर्च उपलब्ध गराउने (महान्यायाधिवक्तालाई) बिषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।४६-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. नारायणहिटी दरवार संग्रहालय परिसरमा रहेका गाईवस्तुहरुलाई व्यवस्थापन गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।९-०६५।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. काठमाण्डौ उपत्यकाभित्रका तीनवटा वारुणयन्त्र कार्यालयहरुमा अग्नि नियन्त्रणतर्फ कार्यरत कर्मचारीहरुको बढुवा विषयको गृह मन्त्रालयको नं. ६।८४-०६५।४।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. न्यायिक छानवीन आयोग गठन गर्ने (रौतहटमा बम बिस्फोटनको घटनाको) बिषयको गृह मन्त्रालयको नं. ६।१५१-०६५।८।४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित "तलवको ३५ प्रतिशत" भन्ने व्यहोराको सट्टा "तलवको २५ प्रतिशत" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. राहदानी दस्तुर वापतको रकम फिर्ता गर्ने विषयको गृह मन्त्रालयको नं. ६।१५२-०६५।८।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. प्रहरी विशेष अदालतमा सदस्य तोक्ने बिषयको गृह मन्त्रालयको नं. ६।१५३-०६५।८।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. विभूषण ग्रहण गर्न स्वीकृति प्रदान गर्ने बिषयको गृह मन्त्रालयको नं. ६।१५४-०६५।८।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. जनकवि केशरी धर्मराज थापालाई आर्थिक सहायता दिने बिषयको गृह मन्त्रालयको नं. ६।१५८-०६५।८।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. न्यायिक जाँचबुझ आयोग गठन गर्ने (निर्मल पन्त र पुष्प डंगोलको हत्या) बिषयको गृह मन्त्रालयको नं. ६।१५९-०६५।८।८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित "तलवको ३५ प्रतिशत" भन्ने व्यहोराको सट्टा "तलवको २५ प्रतिशत" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. न्यायिक जाँचबुझ आयोग गठन गर्ने (आशिष मानन्धर र रितेश रौनियारको हत्या) बिषयको गृह मन्त्रालयको नं. ६।१६८-०६५।८।१८ को प्रस्ताव प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित "तलवको ३५ प्रतिशत" भन्ने व्यहोराको सट्टा "तलवको २५ प्रतिशत" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. दश वर्षीय जलविद्युत विकास योजना तर्जुमा कार्यदल, २०६५ गठन गर्ने बिषयको जलस्रोत मन्त्रालयको नं. ७२३-०६५।८।१८ को प्रस्ताव - प्रस्तावसाथ संलग्न दश वर्षीय जलविद्युत विकास योजना तर्जुमा कार्यदल, २०६५ को दफा ३. को क्र.सं. ७. मा डा. लक्ष्मीप्रसाद देवकोटाको नाम थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. विद्युत महसूल निर्धारण आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति विषयको जलस्रोत मन्त्रालयको नं. ७२४-०६५।८।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. नेपाल र बोत्स्वानाबीच कूटनैतिक सम्बन्ध स्थापना गर्ने बिषयको परराष्ट्र मन्त्रालयको नं. ८।३६-०६५।८।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. दामन भ्यू टावर सञ्चालन गर्ने विषयको तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. २०।८-०६५।३।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. नेपाल र पाकिस्तानबीच हस्ताक्षर हुने Agreement on Tourism Cooperation विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।७-०६५।८।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. नेपाल र भारतबीच हवाई सम्झौता वार्ता गर्ने बिषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१०-०६५।८।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. सरकारी निकायका नाममा दर्ता रहेको जग्गा सार्वजनिक कायम गर्न स्वीकृति दिने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।१२-०६५।३।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. नेपाल खाद्य संस्थान शाखा कार्यालय, डोल्पाको नाममा जग्गा दर्ता गर्ने बिषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।२४-०६५।८।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति तथा अश्लील चित्रण विरुद्ध संयुक्त राष्ट्रसंघीय बालअधिकारसन्धिको इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन पठाउन स्वीकृति दिने बिषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।६-०६५।३।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका सम्बन्धमा बाल बालिकाको अन्तर्राष्ट्रिय सहयोग र संरक्षण सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा नेपाल पक्ष राष्ट्र हुन हस्ताक्षर गर्ने (बेल्जियमस्थित नेपाली राजदूतले) बिषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।८-०६५।३।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि एवं यसको इच्छाधीन आलेख, २००६ लाई अनुमोदन गर्ने बिषयको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको नं. ११।२२-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३१. पदोन्नति तथा पदस्थापन (सहायक रथी श्री प्रदीपजङ्ग थापाको) बिषयको रक्षा मन्त्रालयको नं. १२।५२-०६५।७।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३२. पदोन्नति तथा पदस्थापन (सहायक रथी दमनबहादुर घलेलाई) बिषयको रक्षा मन्त्रालयको नं. १२।५८-०६५।८।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३३. संयुक्त राष्ट्रसंघको आह्वानमा मिशन चाडमा शान्ति स्थापनार्थ नेपाली सेना खटाउने बिषयको रक्षा मन्त्रालयको नं. १२।५९-०६५।८।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. माननीय मन्त्रीको उपचार खर्च समर्थन (तत्कालीन मन्त्री माननीय मातृकाप्रसाद यादवको) विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।१३-०६५।४।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३५. एल.पी. ग्यासको कारोवारलाई सुविधायुक्त तथा सरल बनाउने बिषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।७-०६५।८।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३६. कपिलवस्तु, दाङ्ग र रुपन्देही जिल्लामा घटेका घटनाबाट पीडितलाई आर्थिक सहायता उपलब्ध गराउने मापदण्ड एवं प्रक्रिया स्वीकृत गर्ने बिषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।४३-०६५।८।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३७. बेइजिङ्ग ओलम्पिक निमन्त्रणामा सहभागिता बिषयको शिक्षा मन्त्रालयको नं.१६।१६-०६५।४।१६ को प्रस्ताव - तत्कालीन मन्त्री मा. प्रदीप नेपालले सो कार्यक्रममा भाग लिई सक्नुभएकोले सोको समर्थन गर्ने ।

३८. उच्चस्तरीय राष्ट्रिय साक्षरता अभियान समन्वय समिति गठन गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।२६-०६५।८।१३ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” मा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

(क) प्रस्तावसाथ संलग्न अनुसूचीको क्र.सं. २. मा रहेको “विपक्षी दलको नेता” भन्ने व्यहोराको सट्टा “सरकारमा सहभागी सबै दलको प्रतिनिधि” भन्ने व्यहोरा राख्ने ।

(ख) राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५ स्वीकृत गर्ने ।

(ग) उल्लिखित निर्देशिकाको दफा १२. को खण्ड (च) मा रहेको ‘मासिक रु. १०००।- (एक हजार मात्र)’ भन्ने व्यहोराको सट्टा ‘मासिक दुई हजार रुपैयाँ’ भन्ने व्यहोरा र दफा १९. को खण्ड (ज) मा रहेको “मासिक रु. १५००।-” भन्ने व्यहोराको सट्टा ‘मासिक दुई हजार पाँच सय रुपैयाँ’ भन्ने व्यहोरा राख्ने ।

३९. ने.क.पा. माओवादी सेनाका लडाकूहरुका अस्थायी शिविर र माओवादी नेताहरुद्वारा प्रयोग भएका सवारी साधनहरुको अस्थायी दर्ताको म्याद थप गर्ने बिषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७९-०६५।४।३१ को प्रस्ताव - प्रस्ताव गरिएबमोजिमका सवारी साधनको अस्थायी दर्ता ने.क.पा. माओवादी सेनाका लडाकूहरुको समायोजन तथा पुनःस्थापनाका कार्य पूरा नहुँदासम्मका लागि कायम गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४०. नेपाल पानी जहाज कार्यालयको रुपमा यातायात व्यवस्था विभाग र सो को रजिष्ट्रार तोक्ने बिषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।२६-०६५।८।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४१. पुरस्कार राशिमा लाग्ने कर छूट गर्ने बिषयको तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. २०।१०-०६५।३।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४२. अमूर्त साँस्कृतिक सम्पदाहरुको संरक्षण सम्बन्धी अनुबन्ध, २००३ अनुमोदन गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।३१-०६५।८।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४३. गाउँ विकास समिति अनुदान संचालन कार्यविधि, २०६५ बिषयको स्थानीय विकास मन्त्रालयको नं. २११७-०६५।८।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४४. धनुषा जिल्लाको तुलसीचौडा ६ बाहुनमारामा स्वास्थ्य चौकी स्थापना गर्ने बिषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।३४-०६५।४।५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४५. विभागको गठन र दरबन्दी हेरफेर गर्ने (श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गत निकायहरुको) विषयको सामान्य प्रशासन मन्त्रालयको नं.१८५१-०६५।८।१० को प्रस्ताव – मन्त्रिपरिषद्, प्रशासन समितिबाट सिफारिश भई आएबमोजिम प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोरामा देहायबमोजिम मिलाई अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने -

"(क) प्रस्तावसाथ संलग्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयको संगठन चार्टमा वर्गाकारभित्र रहेको "व्यवसायिक तथा सीप विकास तालिम निर्देशनालय" भन्ने व्यहोराको सट्टा "व्यावसायिक तथा सीप विकास तालिम केन्द्र" भन्ने व्यहोरा कायम गर्ने र सो केन्द्रको नाम उक्त संगठन संरचनाबाट हटाई विभागस्तरीय कार्यालयको रूपमा राख्ने ।

(ख) स्वीकृत भएका चार वटा श्रम सहचारी पदमा कम्तीमा एक जना महिला कर्मचारीहरुमध्येबाट खटाउने व्यवस्था मिलाउने ।

(ग) "वैदेशिक रोजगार विभाग" को नाम "वैदेशिक रोजगार व्यवस्थापन विभाग" कायम गर्ने ।"

४६. संगठन संरचना स्वीकृत र दरबन्दी सृजना गर्ने (वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत प्रमाणीकरण नियन्त्रकको कार्यालयको) विषयको सामान्य प्रशासन मन्त्रालयको नं.१८५२-०६५।८।१० को प्रस्ताव – मन्त्रिपरिषद्, प्रशासन समितिबाट सिफारिश भई आएबमोजिम प्रस्तावमा लेखिएबमोजिम संगठन संरचना स्वीकृत गरी दरबन्दी सृजना गर्ने ।

४७. संगठन संरचना स्वीकृत र दरवन्दी सृजना गर्ने (नेपाल ट्रष्टको कार्यालयको) विषयको सामान्य प्रशासन मन्त्रालयको नं.१८५३-०६५।८।१० को प्रस्ताव – मन्त्रिपरिषद्, प्रशासन समितिबाट सिफारिश भई आएबमोजिम प्रस्तावमा लेखिएबमोजिम संगठन संरचना स्वीकृत गरी दरबन्दी सृजना गर्ने ।

४८. संगठन संरचना स्वीकृत र दरबन्दी सृजना गर्ने (राप्ती अञ्चल अस्पतालको) विषयको सामान्य प्रशासन मन्त्रालयको नं.१८५४-०६५।८।११ को प्रस्ताव – मन्त्रिपरिषद्, प्रशासन समितिको सिफारिश समेतलाई दृष्टिगत गरी प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।७।२९ को पत्रमा उल्लिखित सुझाव कार्यान्वयन गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई निर्देशन दिने ।

५०. राष्ट्रपतिको कार्यालयको मिति २०६५।८।१० को पत्र अनुसार नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी सो कार्यालयका सचिवको नेतृत्वमा चार सदस्यीय प्रतिनिधिमण्डललाई संघीय गणतन्त्र जर्मनीको राष्ट्रपति कार्यालयको अध्ययन अवलोकन भ्रमणमा जान स्वीकृति दिने ।

५१. जाजरकोटस्थित शिव निम्न माध्यमिक विद्यालय कालेगाउँ खलङ्गाको भवन निर्माणको लागि दश लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले शिक्षा मन्त्रालय मार्फत निकासा दिने ।

५२. कैलाली जिल्लाका पत्रकार जगतप्रसाद जोशीको हत्याको छानवीनका सम्बन्धमा देहायबमोजिम गर्ने-

(१) जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३. को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकारले पत्रकार जगतप्रसाद जोशीको अज्ञात व्यक्तिहरुद्वारा हत्या गरिएको विषयमा छानविनका लागि देहाय अनुसारको जाँचबुझ आयोग गठन गरेको छ-

(क) सर्वोच्च अदालत नेपाल वार एशोसियसनका सदस्य अधिवक्ता श्री उमेशप्रसाद गौतम - अध्यक्ष

(ख) पुनरावेदन अदालत नेपाल वार एशोशियसन नेपालगंजका पूर्व अध्यक्ष अधिवक्ता श्री शालिकराम सापकोटा, - सदस्य

(ग) नेपाल पत्रकार महासंघका पूर्व महासचिव पत्रकार श्री महेन्द्र विष्ट - सदस्य

(२) कार्यादेश -

(क) कैलाली जिल्लाका पत्रकार जगतप्रसाद जोशीको अज्ञात व्यक्तिहरुद्वारा हत्या गरेको भन्ने सम्बन्धमा घटनाको कारण, घटनामा संलग्न व्यक्तिहरुका सम्बन्धमा जाँचबुझ गरी सत्यतथ्य पत्ता लगाई दोषी उपर कारवाही र पीडित पक्षलाई उचित राहत उपलब्ध गराउन सिफारिश सहितको प्रतिवेदन पेश गर्ने ।

(ख) जाँचबुझ आयोगको कार्यावधि कार्य शुरु गरेको मितिले १५ दिनको हुनेछ ।

(३) आयोगका अध्यक्ष र सदस्यहरुलाई पुनरावेदन अदालतका वहालवाला न्यायाधीशले खाइपाई आएको तलव वरावरको मासिक पारिश्रमिक र इन्धन वापत मासिक रु. १२,०००।- का दरले उपलब्ध गराउने साथै आयोगमा काम गर्ने कर्मचारीहरुलाई तलवको २५ प्रतिशत भत्ता उपलब्ध गराउने ।

(४) स्थलगत भ्रमणमा जाँदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको सुविधा उपलब्ध गराउने ।

(५) कार्यालय संचालनका लागि आवश्यक रकम उपलब्ध गराउने ।

(६) उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयको नाममा निकासा दिने ।

५३. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २२ को उपदफा (२) बमोजिम पदमुक्त हुने अवस्थामा पुगेका गभर्नर श्री विजयनाथ भट्टराईका बारेमा जाँचबुझ गरी एक महिनाभित्र आफ्नो राय ठहर सहितको सिफारिश पेश गर्न सोही ऐनको दफा २३ बमोजिमको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायबमोजिमको जाँचबुझ समिति गठन गरेको छ । सो समितिका अध्यक्ष र सदस्यहरुलाई प्रति व्यक्ति मासिक पारिश्रमिक रु. २५,०००।- उपलब्ध गराउने -

(क) सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री उदयराज उपाध्याय - अध्यक्ष

(ख) त्रिभुवन विश्वविद्यालयका वरिष्ठ अर्थशास्त्री तथा हाल अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकार डा.श्रीराम पौडेल - सदस्य

(ग) आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा) का कार्यकारी निर्देशक श्री भरतप्रसाद पोखरेल - सदस्य

५४. काठमाडौं उपत्यका ट्राफिक व्यवस्थापन सम्बन्धी विषय कार्यान्वयन गर्न सैद्धान्तिक स्वीकृति दिने ।

५५. देहायबमोजिम गर्ने -

(क) सुर्खेत घटनामा घाइते भएको अर्जुनसिंह ठकुरीको उपचार गर्दा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने ।

(ख) किसान संघका दीपकप्रसाद पौडेललाई औषधोपचार गर्न पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ग) गंगा-जमुनालाई सिंगापुरमा गई उपचार गर्न अमेरिकी डलर तीन हजार आर्थिक सहायता स्वरुप उपलब्ध गराउने र उपचार कार्यमा सहयोगका लागि सिंगापुर सरकारलाई परराष्ट्र मन्त्रालय मार्फत अनुरोध गर्ने ।

(घ) जनआन्दोलनका घाइते बच्चाहरुलाई कान्ति बाल अस्पतालमा उपचार गर्दा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने ।

(ङ) श्री दिलेन्द्रप्रसाद वडु दार्चुलामा संविधान सभा निर्वाचनको प्रचार प्रसारका क्रममा जानु हुँदा घटित घटनामा घाइते भएकाहरुको उपचार गर्दा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने ।

५६. बुटवल मण्डपमा कम्पाउण्ड वाल निर्माण गर्न एक करोड रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउन सैद्धान्तिक स्वीकृति दिने र हाललाई पचास लाख रुपैयाँ अर्थ मन्त्रालयले स्थानीय विकास मन्त्रालय मार्फत निकासा दिने ।

५७. नेपाल औषधि लिमिटेडले उत्पादन गरेको औषधि नेपाल सरकारले खरिद गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्न मुख्य सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालयको सचिवहरु रहेको कार्यदल गठन गर्ने ।

५८. नेपाल आयल निगमबाट विक्री वितरण हुने मट्टितेल र ग्यासमा विद्यार्थीहरुलाई के कस्तो सहुलियत दिन उपयुक्त हुन्छ त्यसको कार्ययोजना सहितको प्रस्ताव वाणिज्य तथा आपूर्ति मन्त्रालयले १५ दिन भित्र पेश गर्ने ।

५९. मं.प.बै.सं. १२।०६४ मिति २०६४।४।१६ को मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत "इलाम जिल्ला चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबास समस्या समाधान सम्बन्धी समिति गठन आदेश, २०६४" बमोजिम गठित समितिको म्याद समाप्त भएको मितिले अर्को ६ महिना थप गर्ने ।

६०. रोल्पा जिल्ला, जुगाँर निवासी विनिता घर्ती रानालाई हेपाटाइटिस रोगको उपचारका लागि पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालय मार्फत निकासा दिने ।

६१. प्रशासन पुनःसंरचना आयोगको सचिवालयको मिति २०६५।८।१८ को पत्रलाई दृष्टिगत गरी प्रशासन पुनःसंरचना आयोगको गठन भई मुलुकको समग्र प्रशासनको अध्ययन एवं विश्लेषणको कार्य भइहेकोले नेपाल सरकारका कुनै पनि निकायमा राज्यलाई दीर्घकालीन दायित्व पर्ने गरी हाललाई कुनै पनि नयाँ पद वा दरबन्दी सृजना नगर्ने । नयाँ पद वा दरबन्दी सृजना नगरी नहुने अत्यावश्यक अवस्था परेमा प्रशासन पुनःसंरचना आयोगको सचिवालयको सहमतिका आधारमा मात्र नयाँ पद वा दरबन्दी सृजना गर्ने ।

द्रष्टव्य :- निर्णयसँग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।